स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत बैशाखमा आएको फिल्म 'जारी'भन्दा ठूलो ओपनिङ गर्न सक्ने फिल्मको रुपमा 'पशुपति प्रसाद २ : भष्मे डन'लाई हेरिएको छ । गीतसंगीतले बढाएको हाइप, सशक्त स्टारकास्ट, सफल मेकर, सुपरहिट फिल्मको सिक्वेल आदि कारणले फिल्मको आक्रामक ओपनिङको प्रक्षेपण गारिएको हो । दशैं विदाको अवसर पारेर आगामी कात्तिक ४ गते (फूलपाती)बाट फिल्म प्रदर्शनमा आउँदैछ । नेपालमा मात्र नभइ, विदेशमा पनि फिल्मले उच्च ओपनिङ गर्ने देखिएको छ ।

आजको विचार...



डा. नारायण चालिसे

भयलाग्दो... (दुई पेजमा)



'परदेशी २' चलचित्रको अफिसियल ट्रेलर युट्युबमार्फत सार्वजनिक गरिएको हो । नारायण रायमाझी निर्देशित चलचित्रको ट्रेलरमा अध्ययनका लागि युवाको विदेश यात्रा र त्यसले सिर्जना गर्ने पारिवारिक एवं सामाजिक संवेदनालाई देखाइएको छ । गायनमा स्थापित प्रकाश सपूतको डेब्यु र शीर्ष भूमिका रहेको चलचित्र भएका कारण ट्रेलरमा उनलाई नै बढी 'स्क्रिन स्पेश' दिइएको छ । अभिनेत्रीद्वय केकी अधिकारी, वर्षा शिवाकोटीसँगै अभिनेताद्वय प्रशान्त तामाङ र दिलीप रायमाझीलाई पनि ट्रेलरमा देखाइएको छ ।

❐ वर्ष २९ ❐ अंक ८३ ❐ २०८० असोज २१ गते आइतबार 8 October 2023, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### मुख्यमन्त्री कार्कीद्वारा राजीनामा

**विराटनगर,** असोज २०/कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आज आफ्नो पदबाट राजीनामा दिएका छन् । कोशी प्रदेशसभाको शनिबारको बैठकमा उनले राजीनामाको घोषणा गरेका हुन् । नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्री कार्कीले यही असोज १७ गते विश्वासको मतका लागि कोशी प्रदेशसभाको सचिवालयमा प्रस्ताव दर्ता गराएका थिए ।

कोशी प्रदेशसभाको बैठकमा विश्वासको मत पाउने सम्भावना नदेखेपछि मुख्यमन्त्री कार्कीले आफ्नो पदबाट राजीनामा दिएको घोषणा गरेका हुन् । मुख्यमन्त्री कार्कीले नेकपा (एमाले) संविधानको सर्वोच्चताको पक्षमा जहिले पनि उभिने प्रतिवद्धता व्यक्त गर्दै कोशी प्रदेशका जनताले निर्वाचन नचाहेकाले राजीनामा दिएको उल्लेख गरे । उनले अहिलेको नजिर र जटिलताको नजरअन्दाज भएमा मध्यावधीमा जाने निश्चित रहेको उल्लेख गर्दै निर्वाचनलाई रोक्न तथा स्थिर सरकार बनाउन राजनीतिक दलहरुबिच सहमति सहकार्य र एकता हुनु आवश्यक रहेको बताए । कोशी प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएकाले सहमति र सहकार्य गरेर नै सरकार बनाउनु उत्तम विकल्प भएको मुख्यमन्त्री कार्कीको भनाइ थियो । **-रासस**

### श्रीनगर सहकारीको वार्षिक साधारण सभा

# सहकारीको प्रतिस्पर्धा अब गरिबी निवारणमा हुनुपर्छ : सांसद रानो

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज २०/लुम्बिनी प्रदेश सभा सदस्य एवं पूर्व मन्त्री वीरबहादुर रानाले सहकारीको प्रतिस्पर्धा अब गरिबी निवारणमा हुनुपर्ने बताएका छन् । शनिबार श्रीनगर बहुउद्देश्यीय सहकारी संस्थाको २३ औं वार्षिक साधारण सभालाई तानसेनमा सम्बोधन गर्दै सांसद रानाले गरिबी निवारणमा सहकारीको भूमिका महत्वपूर्ण हुने भएकाले अबको प्रतिस्पर्धा त्यसैमा हुनुपर्ने बताएका हुन् ।

उनले कोरोना महामारीपछि देशको आर्थिक अवस्था अत्यन्त कमजोर बन्दै गएकाले सहकारी संस्थाहरु एक आपसमा प्रतिस्पर्धी नभई गरिबी घटाउने कुरामा प्रतिस्पर्धा गर्नु पर्ने धारणा व्यक्त गरे । प्रमुख अतिथि समेत रहेका सांसद रानाले भने 'हाम्रो प्रतिस्पर्धा अब गरिबी निवारण गर्ने विषयसँग हुनुपर्छ नकि कुनै सहकारीसँग हैन ।' रोजगारी सिर्जना, उत्पादन र गरिबी निवारणमा सहकारी क्षेत्रको भूमिका बढाउनु अहिलेको आवश्यक रहेको उनले औल्याए । सबैको




विश्वास जित्ने गरी काम गर्न सके सहकारी संस्थाहरुमा समस्या उत्पन्न नहुने सांसद रानाले बताए । उनले नेपालमा २०१३ सालमा सुरु भएको सहकारीले जनताको गर्जो टार्ने काम गरेको बताए । सांसद रानाले अब आयआर्जन र उत्पादनसँग जोड्ने गरी काम गर्न सहकारी अभियान्ताहरुलाई आग्रह समेत गरे । उनले भने,'अहिलेको अवस्थामा सहकारीको माध्यमबाट जीवनलाई सहज र अर्थतन्त्रलाई सुदृढ बनाउने दिशामा सोच्न जरुरी रहेको छ ।' नागरिकको आर्थिक विकासमा प्रदेश सरकारले जोड दिएको सांसद रानाले बताए । उनले भने,'नागरिकलाई रोजगार र उद्यमशिलतासँग जोड्ने गरी मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम ल्याएका छौं, उद्यमी र रोगार सिर्जना गर्न सक्नेहरु कार्यक्रममा सहभागी हुन सक्नुहुने छ ।' रानाले जिल्लाको आर्थिक विकासमा श्रीनगर सहकारीले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले सहकारीको नेतृत्व र कर्मचारीको लगावले सहकारी उत्कृष्ट भएको धारणा व्यक्त गरे । सांसद रानाले भने 'सहकारीले जेष्ठ नागरिक, अब्बल विद्यार्थी, असल कर्मचारी, बचत कर्ता, उत्कृष्ट ऋणिहरुलाई सम्मान गर्ने परम्परा बसालेकाले पनि यस सहकारीले सबैलाई समेटेर अगाडि बढेको देखिन्छ ।' सहकारीले बचत र ऋण प्रवाह गर्ने मात्र नभई बहुउद्देश्यीय भावना हुनु नै राम्रो पक्ष रहेको उनले धारणा व्यक्त गरे । सहकारी आफैमा सभ्य समाज निर्माण गर्ने संस्था भएकाले सिर्जनसिलतालाई जोडेर अगाडि बढ्नुपर्नेमा सांसद रानाले जोड दिए । कार्यक्रममा बचत तथा ऋण सहकारी संघ पाल्पाका अध्यक्ष जगदीश भट्टराईले बैंकहरु भन्दा सहकारीहरु गरिब, विपन्न नागरिकको सेवामा समर्पित हुने गरेको बताए । उनले शसस्त्र युद्धको समयमा पनि बैकहरु बाकस कसेर शहर पस्दा सहकारीहरुले जनतालाई ग्रामीण भेगमा सेवा दिएको स्मरण गरे । भट्टराईले सहकारीको मुटु भनेको शेयर सदस्य भएकाले शेयर सदस्यहरु चनाखो हुनुपर्ने धारणा व्यक्त गरे । तानसेन नगरपालिका सहकारी शाखा प्रमुख बिष्णु पौडेलले सहकारीहरुको अनुगमन तथा नियमन गर्ने अधिकार स्थानीय तहलाई रहेकाले सोही अनुरुप नगरपालिकाले काम गरेको बताए । उनले केही सहकारीहरुको कारण सहकारी क्षेत्रमा विकृति आएकाले त्यसतर्फ सबैले ध्यान दिनुपर्ने धारणा व्यक्त गरे । सहकारीबाट बचत भएको रकम उत्पादन मुलक क्षेत्रमा प्रयोग गर्न समेत उनले सुझाव दिए । कार्यक्रममा सहकारीका पूर्व अध्यक्ष रामजी प्रसाद पौड्याल, सल्लाहकार बुद्धिप्रसाद शर्मा, शेयर सदस्य सकुन्तला बज्राचार्य लगायतले सहकारीको सफलताको शुभकामना व्यक्त गरेका थिए । संस्थाका अध्यक्ष झपेन्द्र गहिरेले सहकारीले १५ करोडको कारोबार गर्न सफल भएको बताए । अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै उनले यो बर्ष आफ्नै जग्गामा भवन निर्माण गरी सहकारीलाई प्रविधीमैत्री बनाउने गरी आफुहरु अगाडि बढेको जानकारी गराए । सचिव भरत शर्माले एक करोड १० लाख भन्दा बढी आम्दानी गर्न सफल भएको सहकारीले संस्थागत विकाससँगै २० लाख नाफा गर्न सफल भएको बताए । सचिवको संगठनिक प्रतिवेदन प्रस्तुत गर्दै उनले भने,'सहकारीको मर्म, सिद्धान्त र नीति नियम भित्र रहेर कारोबार गर्दै आएकाले पनि हामीहरु अन्य सहकारीहरु भन्दा अग्रस्थानमा आउन सफल भएका हौं ।' कोषाध्यक्ष बेदराम श्रीसले सहकारीको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

-...बाँकी अन्तिम पेजमा

## हाजिर भएको ३ दिनमै डाक्टरको सरुवा

**कृष्ण पोखरेल**

**तानसेन,** असोज २०/हाजिर भएको ३ दिनमै पाल्पा अस्पतालका मेडिकल सुपरिटेन्डन डा. किशोर बञ्जाडेलाई लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले सरुवा गरेको छ । दशौं तहका एम.डि.जि.पि. डा. बञ्जाडेलाई प्रदेश सरकार का स्वास्थ्यमन्त्री राजु खनाले गुल्मी जिल्ला अस्पतालमा सरुवा गरेका हुन ।

डा. बञ्जाडे पाल्पा अस्पतालमा यही असोज १६ गते हाजिरी भएका थिए भने असोज १८ गते सरुवा गरिएको छ । संघीय सरकार अन्तर्गत रहेका दशौ तहका चिकित्सक बञ्जाडेले पाल्पा अस्पतालमा रमाना लिएर हाजिर हुँदा प्रदेश स्वास्थ्यमन्त्री खनालसँग सहकार्य नगरेको भन्दै हाजिर भएको ३ दिनमै सरुवा गरेको बताइएको छ । तर चिकित्सक बञ्जाडे पाल्पा अस्पतालमा हाजिर हुनको लागि लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालयबाट सहमती स्विकृती पत्र लिएर आएको अस्पताल प्रशासनले जनाएको छ । अस्पताल विकास समितिका अध्यक्ष गुराँश आत्रेयको अगुवाईमा बसेको सर्वदलिय राजनीतिक दलको बैठकले हाजिर भएको ३ दिनमै गरिएको सरुवा मान्य नभएको बताएका छन् । सबैदलिय बैठकमा सहभागी प्रदेश सभासद वीरबहादुर रानाले पाल्पा अस्पताल सुधार गर्न जिल्लाका राजनीतिक दलहरु एक ठाउँमा उभिएको अवस्थामा चिकित्सक सरुवाको विषयमा मुख्यमन्त्री डिल्ली बहादुर चौधरीसँग कुराकानी भएको र सरुवा रोकिनेमा मुख्यमन्त्री चौधरी आफुलाई विश्वस्त बनाएको बताए । सर्वदलिय बैठकमा प्रदेश सांसद खेम बहादुर सारु, जिल्ला समन्य समितिका प्रमुख टंकनाथ खनाल, नेपाली काँग्रेस पाल्पाका उपसभापति झपेन्द्र गहिरे, नेकपा एमालेका सचिव रामजी पोखरेल, नेकपा माओवादी केन्द्रका सचिव मथुरा ढकाल, राष्ट्रिय स्वतन्त्र पार्टीका सचिव सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुलबहादुर कुवँर, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, अस्पताल विकास समितिका सदस्य शशी श्रेष्ठ लगायतले नियम विपरित गरिएको सरुवा बदर गर्न हरेक किसिमका प्रयासहरु गर्नुपर्नेमा जोड दिएका थिए ।

## आनन्द सहकारीको १३ औं साधारण सभा, १२ प्रस्ताव पारित

**पाल्पा,** असोज २०/तानसेनमा २०६७ मा स्थापना भएको आनन्द बचत तथा ऋण सहकारी संस्थाले १३ औं वार्षिक साधारण सभा गरेको छ । सहकारीले शनिबार तानसेनमा एक कार्यक्रमका बिच साधारण सभा गरेको हो । 'सबैका लागि एक र एकका लागि सबै' नै सहकारी हो भन्ने आम बुझाइलाई सार्थकता दिदै समृद्धिको दिशामा अब्वल बन्दै आएको सहकारीले विभिन्न १२ प्रस्तावहरु पारित गर्दै साधारण सभा गरेको छ ।



सभामा सहकारीका अध्यक्ष सर्जुलाल बज्राचार्यले प्रस्तुत गरेका प्रस्तावहरु सभाले सर्वसम्वत रुपमा पारित गरेको हो । अध्यक्ष बज्राचार्यले अध्यक्षको प्रतिवेदन,सचिवको प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, ऋण उप-समितिको प्रतिवेदन, कोषाध्यक्षको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन, शेयर लाभांश कोष, संरक्षित पूँजी कोष र कर्मचारी बोनश कोष बाँडफाँड, २०७९/०८० को अनुमानित बजेट भन्दा बढी खर्च भएका शिर्षकहरुमा रकमान्तर गरी हिसाब मिलान गरिएको, संस्थाको बचत तथा ऋण सम्बन्धी ब्याजदर परिवर्तन गर्न आवश्यक भएमा सञ्चालक समितिलाई जिम्मेवारी तथा अधिकार दिईने, २०८०/०८१ लेखा परीक्षक नियुक्ति र पारिश्रमिक, निष्क्रिय शेयर सदस्य र संस्थाको उद्देश्य तथा हित विपरीत कार्य गर्ने शेयर सदस्यलाई निष्काशन गर्ने, २०७९ श्रावण देखि २०८० आषाढ मसान्त सम्म सञ्चालक समितिले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने, १३ औं साधारण सभाको प्रस्ताव तथा निर्णय प्रमाणित गर्न शेयर सदस्यहरु पुष्पा श्रेष्ठ र पुर्ण राज शाक्यलाई दिइने लगायतका प्रस्ताव अगाडि सारेका थिए । उक्त प्रस्ताव सर्वसम्वत रुपमा पारित गरिएको हो । सभामा सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै समृद्धिको दिशामा आफुहरु अगाडि बढेको संस्थाका अध्यक्ष बज्राचार्यले बताए । उनले भने,'सहकारीको माध्यमबाट सदस्यहरु बिच आत्मीयता, सद्भाव, र एक आपसमा मैत्री भावको विकास गर्दै सदस्यहरुको आर्थिक उन्नति र व्यवसायिक बनाउने दिशामा हामीहरु अग्रसर रहेका छौं ।' कार्यक्रममा संस्थाका सल्लाहकार छत्रराज शाक्यले सहकारीले छोटो समयमै समृद्धिको दिशामा फड्को मार्न सफल भएको बताए । उनले संस्थालाई दीगो र प्रभावकारी बनाउन समर्पण, प्रतिवद्धता र पारदर्शी हुनुपर्नेमा जोड दिए । शाक्यले सहकारीहरु अब एक जुट भएर अगाडि बढ्ने बेला आएको धारणा व्यक्त गरे । अर्काका सल्लाहकार देवेन्द्रमान शाक्य र चित्रवलीराम सुवालले कोभिड महामारीका बेलामा पनि सहकारीले उत्कृष्ट सेवा प्रवाह गरेको बताए । नवजनचेतना राष्ट्रिय दैनिकका उप-सम्पादक रामचन्द्र रायमाझीले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन सहकारीलाई आग्रह गरे ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नदीजन्य पदार्थको चोरीनिकासी नियन्त्रणमा गम्भीर बन

पाल्पामा नदीजन्य पदार्थ चोरीनिकासी गर्ने क्रम बढ्दो छ । यहाँका खोला नदीहरुबाट अबैध रुपमा ढुङ्गा, बालुवा, गिट्टीको निरन्तररुपमा चोरीनिकासी भइरहेको छ । कहिले काँही अबैध रुपमा चोरीनिकासी गर्नेहरुलाई खबरदारी गर्ने गरिएको देखिए पनि यो क्रम भने रोकिएको छैन । खास गरी तिनाउ र कालीगण्डकी क्षेत्रका नदी तथा खोलाहरुमा अत्याधिकरुपमा चोरीनिकासी हुने गरेको छ । तर यसको नियन्त्रणमा स्थानीय सरकारको ध्यान नै छैन । यो अत्यन्तै दुखको कुरा हो । दिनमा भन्दा पनि रातको समयमा अवैध धन्दा हुने गरेको छ । नदीजन्य पदार्थको अबैध रुपमा निकासी हुँदा स्थानीयवासी समेत नराम्रोसँग प्रभावित भएका छन् । केही स्थानीय सरकारले प्रहरीको सहयोग लिएर नदीजन्य पदार्थ निकासी गर्ने केही सवारीसाधनलाई नियन्त्रणमा लिएर जरिवाना नगरेका भने होइनन्, तर त्यो पर्याप्त हुन सकेको छैन् । जसका कारण चोरीका घटनाहरु बढ्दै गएका छन् । नदीजन्य पदार्थको चोरीनिकासीलाई कानुनीरुपमा समेत अवैध मानिएको अवस्थामा खुलेआमरुपमा रुपमा यस्ता कार्य हुँदा समेत ठोस कारवाही हुन नसक्नुले कतै स्थानीय सरकार आफै नै संलग्न त छैन भन्ने आशङ्का उत्पन्न हुने गरेको छ ।

अनुमति नलिईकन यस्ता कार्य गर्नुले एकातिर राजस्वमा सक्दो क्षति भैरहेको छ भने अर्कोतिर नदी, खोलाहरुको जथाभावी दोहन गर्नाले सुन्दर ठाउँहरु समेत कुरुप देखिन थालेका छन् । स्थानीय तहहरुको जिम्मेवारीमा पर्ने त्यस्ता पदार्थहरुको बिक्री तथा व्यवस्थापन पक्षलाई पालिकाहरुले गम्भीरतापूर्वक लिएको देखिँदैन । नदीजन्य पदार्थको अनुगमनमा जिससको समेत महत्वपूर्ण भूमिका रहनुपर्ने हो तर त्यो हुन सकिरहेको छैन् । जिसस केवल जागिर पचाउने थलोको रुपमा सिमित बन्दै गएको छ । जसले गर्दा चोरीनिकासी गर्नेहरुले थप पश्रय पाइरहेका छन् । यस्ता गतिविधिले स्थानीयवासीले ठूलो मार मात्र खेपेका छैनन्, सरकारको राजश्वमा समेत ह्रास आएको छ । तसर्थ नदीजन्य पदार्थ चोरीनिकासी नियन्त्रणमा सम्बन्धित निकाय गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

आफुलाई एस्तो बनाउँ जहाँ तिमी हुन्छौ सबैले प्रेम गरुन, जहाँबाट तिमी जान्छौं सबैले याद गरुन, जहाँ तिमी जान लागेका हुन्छौ त्यहाँ सबैले प्रतिक्षा गरुन, श्रीमन नारायण नारायण हरि हरि

(दिपक भण्डारीको फेसबुक स्टाटस https://www.facebook.com/Deepak Bhandari)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भयलाग्दो स्वतन्त्रता !



डा. नारायण चालिसे

*राज्यको यस्तो प्रकृतिको कानुन नै नारीकाप्रति विभेदकारी छ । अनि हामी नारीहरू पनि त्यसैलाई प्रश्रय दिएर अगाडि बढिरहेका छौँ भन्नुहुँदा सभाका केही नारी र पुरुषले पर्रर ताली पिटे । सायद केही मजस्ता पुरुष र केही नारीहरू गम्भीर पनि भए होलान् । नारी अधिकार र कर्तव्यका विषयमा राज्यको संविधान, कानुन र नारीको विद्यमान अवस्थाका विषयमा आफ्नो असहमति राख्ने यो अभिव्यक्ति ओजपूर्ण त हो तर कत्तिको सार्वभौम हो भन्ने कुरा विमर्शकै विषय हो ।*

एक दिन वाल्मीकि विद्यापीठका सहकर्मी मित्र अर्जुन अधिकारीले हाँस्दै भन्नुभयो 'सँगै बसिन्छ चिया खाजा खाइन्छ केही बोलिन्छ पनि कतै लेखको पात्र भइन्छ कि भनेर शान्तिकृष्ण अधिकारी र तपाईंसँग डर लाग्न थालेको छ । तपाईंहरूका लेख आएपछि एकपटक तलमाथि पढ्ने गरेको छु कतै आफ्नै नाम पनि उल्लेख छ कि भनेर ।' अनि हामी मुक्त किसिमको हाँसो हास्यौं । कुरा गम्भीर पनि हो यसैगरी मित्रहरू डराउँदै जाने हो भने एक दिन एक्लो भइने निश्चित छ । विषयविनाको संसार छैन अनि समसामयिक विषयमा कलम चलाउने समयको लेखकले टिप्ने विषयवस्तु पनि यस्तै हुन् । अर्जुनजी नभए पनि अर्जुनजीजस्तै मित्रका कुराहरू त आउँछन् नै ।

कुरा भर्खरै सम्पन्न गरिएको बीपी साहित्य महोत्सवको हो । बीपीका आख्यानमा नारी भन्ने सेसनमा एकजना प्यानल डिस्कर्सनको प्रतिनिधि म पनि थिएँ । त्यस कार्यक्रमकी सहजकर्ता विदुषी, कविमित्र सीमा आभासले बीपी कोइरालाको मधेसतिर कथाकी पात्र विधवाको परिचय गराउने क्रममा लोग्ने मरेकी महिलालाई विधवा भनिएको र नेपालको सन्दर्भमा एकल महिला भनी भत्ता बाँडिने गरेको विषयप्रति असहमति जनाउँदै आजसम्म धेरै नारीहरूले सायद नभनेको एउटा कुरा भन्नुभयो । लोग्ने मरेकी नारीलाई सहानुभूति प्रकट गरेर जसरी राज्यले भत्ता बाँडिरहेको छ त्यो गलत छ । कुनै पनि नारीको लोग्ने मर्दैमा ऊ एकल महिला कसरी हुन्छे । उसको परिवारका अन्य सदस्यहरू रहेका हुन्छन् । छोराछोरी होलान्, बाबुआमा वा अन्य इष्टमित्र हुन्छन् । उसको जम्मा एउटा लोग्ने मरेको त हो नि । हामी नारीहरूले त्यो कुरालाई नबुझेर सरकारले दिएको दुई हजार भत्ता थापिरहेका छौँ र मख्ख परिरहेका छौँ । राज्यको यस्तो प्रकृतिको कानुन नै नारीकाप्रति विभेदकारी छ । अनि हामी नारीहरू पनि त्यसैलाई प्रश्रय दिएर अगाडि बढिरहेका छौँ भन्नुहुँदा सभाका केही नारी र पुरुषले पर्रर ताली पिटे । सायद केही मजस्ता पुरुष र केही नारीहरू गम्भीर पनि भए होलान् । नारी अधिकार र कर्तव्यका विषयमा राज्यको संविधान, कानुन र नारीको विद्यमान अवस्थाका विषयमा आफ्नो असहमति राख्ने यो अभिव्यक्ति ओजपूर्ण त हो तर कत्तिको सार्वभौम हो भन्ने कुरा विमर्शकै विषय हो । नारी अधिकारका मात्र कुरा होइन जातीय, वर्गीय, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक अधिकार र कर्तव्यका विषयमा पनि अब यसरी नै बहस हुनुपर्छ । त्यही सभामा बीपीका नारी पात्रहरूको अवस्था र स्थितिका बारेमा मैले बीपीका नारी पात्रले विद्रोह गरेका छन्, परम्परागत समाजको न्यायमाथि प्रश्न गरेका छन्, विमति प्रशस्त जाहेर गरेका छन्, एजेन्डा उठाएका छन् तर बीपीका नारी पात्रले न्याय पाएका छैनन् । सुम्निमाले सोमदत्तलाई पाएको भए न्याय हुन्थ्यो, इन्द्रमाया आफूले अघोर प्रेम गरेको प्रेमी पीताम्बरसँगै बस्न पाएको भए न्याय हुन्थ्यो, गौरीले नरेन्द्र दाइलाई पाएको भए न्याय हुन्थ्यो, कर्नेल्नीले कर्नेलबाटै यौन सन्तुष्टि पाएको भए न्याय हुन्थ्यो, फगुनीले सानुबाबु नै पाएको भए न्याय हुन्थ्यो, मोदिआइनले आफ्नो लोग्ने युद्धमा नमरेर प्रेम गर्न पाएको भए न्याय हुन्थ्यो, विधवाले गोरेसँगै बिहे गर्न पाएको भए न्याय हुन्थ्यो ।

उनीहरूका चाहना जतापट्टि झुकेका छन् तिनै कुरा तिनले प्राप्त गर्दा उनीहरूलाई सन्तोष मिल्थ्यो र त्यही नै सायद तिनीहरूप्रति न्याय हुन्थ्यो । अर्थात् चाहेको कुरा नपाउँदाको प्रतिक्रिया र पाउनुपर्छ भन्ने माग बीपीका नारी पात्रले जोडदार रूपमा उठाएका भए पनि उनीहरूले चाहेकै कुरा पाएका छैनन् । उनीहरूका अभियानले सामाजिक समर्थन पाउन सकेको छैन जुन आवश्यक थियो भन्ने मेरो तर्क हो । मैले यसो भनिरहँदा त्यहाँका महिला मित्रहरूले यो पनि पुरुष चेतना नै बोलेको हो । बीपीका नारीले गरेको विद्रोह उनीहरूले पाएको कुरा हो भन्ने तर्क गर्नुभयो । जब कि मेरो विचार बीपीका नारी पात्रका पक्षमा र नारी अधिकारकै पक्षमा अझ सबल अवस्थाको खोजीका निम्ति प्रयत्न थिए । यति कुरा भनैं अवश्य हो मैले जे तर्क गरेको थिएँ त्यसको उत्तरमा आउने पात्र पुरुषहरू नै थिए । अर्थात् बीपीका नारी पात्रहरूले पुरुषलाई उपेक्षा गरेका छैनन् बरू पुरुष पात्रको खाँचो अवुभव गरेका छन् । यद्यपि यी मेरा विचार मेरा निजी हुन् तर्क गर्ने धेरै कोणहरू हुन्छन् । हामी बहुल विचारलाई साथै लिएर हिँड्नेहरूले हरेक चुनौतीलाई आमन्त्रण गरेरै हिँडेका हुन्छौँ । मेरा विचार नै मान्य हुनुपर्छ भन्ने मेरो दावी कत्ति छैन । ठीक त्यही सभामा सीमाजीले लोग्ने मर्नु केवल एकजना पुरुषमात्रै मर्नु हो भनेपछि मलाई त्यो विचार पनि सर्वपक्षीय भएन कि भन्ने पनि लागेको हो । अरू धेरैलाई के लाग्यो तर मलाई यो भनाइ केही गम्भीर लागेकै हो । निश्चय पनि लोग्ने मर्दा स्वास्नी र स्वास्नी मर्दा लोग्नेको जम्मा एकजना व्यक्ति मरेको हुन्छ । परिवारको संख्या गन्दा त्यो एक जना लोग्ने वा स्वास्नी केही पनि होइन । त्यसो हो भने जम्मा एक थान लोग्ने मर्दा स्वास्नीलाई अनि जम्मा एक थान स्वास्नी मर्दा लोग्नेलाई केही फरक नपर्ने नै हो त ? सरकारले भत्ता दिनु वा एकल महिलाले भत्ता लिनु त्यो सरोकारवालाको आर्थिक हैसियतको कुरा भयो, इच्छाको पनि कुरा भयो । लिन चाहे लिए भयो नलिन चाहे नलिए भयो । तर, एक थान लोग्नेको मृत्युको मूल्य सीमाजीले भनेजस्तै नै हो त ? जम्मा एक जना लोग्ने मर्दा जीवनमा फरक नपर्ने नै हो त ? आफ्नो जीवन साथी मरेर एक्लो भएका महिला वा पुरुषहरूलाई कुनै फरक नपर्ने नै हो त ? नारी वा पुरुषले आफ्नो सहयात्री छुटेको अवस्थामा पनि म एकल होइन, म एक्लो छैन, मसँग समाज छ, परिवार छ, इष्टमित्र छन्, स्वजन र आफन्त छन् । एकजना व्यक्तिको साथ छुट्दैमा म कहाँ एकल बनेको छु र मलाई समाजबाट अलग्याउन एकल भन्ने जुन विभेदक रेखा कोर्न खोजिएको छ त्यो मलाई मान्य छैन भनिएको विषयमा मेरो समर्थन छ किमार्थ विमति छैन । यसरी आफूलाई स्थापित गर्न प्रयत्न नगर्ने हो भने हाम्रो समाजले हामीलाई किनारा लगाउँदै जान्छ । मूल धारबाट हटाउँछ, उपेक्षा गर्छ, झन् बाँच्न नसक्ने पार्छ । समाजका सामु बलियो खुट्टाले उभिन हामीसँग त्यत्तिको आँट चाहिन्छ । त्यति मात्र पनि होइन सकिन्छ भने लोग्ने वा स्वास्नी मरेको शोकमा एकल भत्ता खाएर निरीह बाँच्नु, बाँच्नु होइन । आफूलाई बाँचेको प्रमाणित गर्नु छ भने सरकारले सहानुभूतिस्वरूप बाँडेको दुई हजार लिएर नबाँच भन्ने हकमा मित्र सीमाजीका अभिव्यक्तिमा मेरो पूर्ण समर्थन छ । तर, यसका पनि केही अवस्था र परिस्थिति हुनछन् । पहिलो कुरा सबै एकल महिला वा पुरुषले सीमाजीले जस्तो सोच्न सक्दैनन् । दोस्रो सबैको आर्थिक हैसियत सबल हुँदैन । तेस्रो सबैको अवस्था पनि एकनासको हुँदैन । चौथो सबैको उमेर एकनासको हुँदैन । उमेर ढल्किएपछि एकल हुँदा वा मनमा क्रान्तिको आगो नबल्नेहरूका निम्ति वा आर्थिक अवस्था राम्रो नभएका अवस्थामा दुई हजार भत्ता पनि महत्वपूर्ण हुन सक्छ । म यति कुरा केवल भौतिक पक्षलाई जोडेर गर्दैछु । मेरो आशय भौतिक अवस्थाको परिचय दिनु होइन । कुरा आत्मिक वा अभौतिक प्रेमको हो । हुन अब आत्मिक प्रेमका कुरा पनि एकादेशका कथा बनिरहेका छन् । तापनि आदर्शको मृत्युको कल्पना हाम्रो लक्ष्य हुनुहुँदैन । विवाह भनेको सम्झौता हो भन्नेहरूले मनमुटुको गहिराइ नबुझ्न सक्छन् तर सबै मानिसले जीवनमा विवाहलाई भौतिक खाँचोमात्रैले नहेरेका हुनसक्छन् । उनीहरूका जीवनमा जीवनसाथीको मूल्य र महत्त्व अरू धेरै भौतिक आवश्यकता भन्दा उच्च हुन सक्छ । जसले जीवनलाई आदर्श, मूल्य र प्रेमको आँखाले हेरेको छ उसको निम्ति एकथान लोग्ने वा स्वास्नी मर्नु आफू पनि आधा मर्नु अथवा प्रेमको मृत्यु पनि हुनसक्छ । पति मर्दा पत्नीलाई र पत्नी मर्दा पतिलाइ सर्वस्व गुमेको लाग्ने पनि हुन सक्छ । त्यस्तो बेला लोग्ने एक थान लोग्ने मात्र नरहन सक्छ । मित्र सीमा आभासले सभामा त्यस्तो लोकप्रिय अभिव्यक्ति दिइरहँदा त्यस सभामा एकल महिला वा पुरुष हुनुहुन्थ्यो वा हुनुहुन्नथ्यो त्यो थाहा भएन । भत्ताको कुरा हुँदै होइन के लोग्नेको मृत्यु जम्मा एक जना लोग्ने नहुनु मात्रैको तहको क्षति हो त ? सायद त्यसो हुँदो हो त ? महिला र पुरुष अनि पति र पत्नीका बीचको आदर्श सम्बन्ध, सहयात्राको सुन्दर संसारको परिकल्पना, सहवासका खुसी र उमङ्ग, आदर्श परिवार, व्यक्ति र नैतिक समाजको सामाजशास्त्रीय व्याख्याको पनि खास औचित्य रहँदैनथ्यो होला । जसरी हामीले दायाँबायाँ नसोचिकन क्रान्ति र परिवर्तनका खरा अभिव्यक्तिहरू दिइरहेका हुन्छौं त्यसबेला समवेदनाका कोमल भाव हामीसँग नरहेकै अवस्था हो त ?कहिलेकाहीँ लाग्छ हाम्रो स्वतन्त्रताको चाहना लोभलाग्दो, रहरलाग्दो मात्रै होइन भयलाग्दो पनि बन्दै गइरहेको छ । अधिकार र स्वतन्त्रताको खोजीमा परिवर्तनलाई आत्मसात गर्दागर्दै कतै हाम्रो जीवन यान्त्रिक, कठोर र फदयहीन बन्दै गइरहेको त छैन ? निश्चय पनि बाँच्नुको विकल्प छैन जसरी पनि बाँचिन्छ । लोग्ने नभएर पनि बाँचिन्छ, स्वास्नी नभएर पनि बाँचिन्छ अझ राम्ररी पनि बाँचिएला तर लोग्ने र स्वास्नी नामको संस्थाको जुन मूल्य रहेको छ । जुन संस्कृति रहेको छ, जुन आदर्श रहेको छ, जुन प्रतिष्ठा रहेको छ त्यसको क्षतिपूर्ति सायद अरू कुनै कुराले गर्दैन ।

**-हिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ । | **तुला** : शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ ।रोकिएको धन हात पर्ला । |
| **वृष** : व्यापार व्यवसायमा सफलता मिल्ने छ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् | **वृश्चिक** : न्यायिक कार्यमा सफलता मिल्ने छ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । |
| **मिथुन** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । | **धनु** : सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ । |
| **कर्कट** : घरमा अतिथिको आगमन पनि हुन सक्छ । मनमा खुसी छाउँनेछ । | **मकर** :आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । |
| **सिंह** : ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ । | **कुम्भ** :भाग्यले विभिन्न अवसर जुराउने छ । घरमा अतिथिको आगमन हुनेछ । |
| **कन्या** : मालसामान हराउन सक्छ ।आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । | **मीन** : महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ । |

# कृषि

## ‘धानबालीमा व्यापक नोक्सानी’

शुक्लाफाँटा नगरपालिकाका किसानको धान रोपेको खेतमा खैरो फड्के किराले व्यापक नोक्सानी पुर्‍याएको छ ।

सो नगरपालिका-१, ६ र १२ का किसानको पाक्नै लागेको धानबालीमा फड्के किराको प्रकोप देखापरेको छ ।

फड्के किराले पात र डाँठको रस चुसेर खाँदा धानका बोट पाक्न नपाई मर्न थालेका छन् । धान पाक्नै नपाई मर्न थालेपछि उत्पादन घट्ने चिन्ता किसानलाई छ । वडा नं १ बन्साहाका किसान नरबहादुर कुवँरले पाँच कठ्ठा जग्गामा लगाइको धान बाली फड्के किराका कारण सखाप भएको बताए । ‘धान पाक्नै लाग्दा किराको प्रकोप देखा पर्‍यो’, उनले भने, ‘हेर्दा हेर्दै दुई/तीन दिनमै पूरै धानका बोट मरेका छन् ।’ अरू खेतमा किरा सर्नबाट रोक्नका लागि विषादी छर्ने कार्य गरिरहेको उनले बताए । फड्के किराको प्रकोप देखा परेका क्षेत्रमा धानको उत्पादन २० देखि ३० प्रतिशतसम्म घट्न सक्ने नगरपालिकाको कृषि विकास शाखाका प्रमुख करन बुढाऐरले बताए । ‘केही ठाउँमा किराको प्रकोपले पूरै धानबाली पाक्न नपाउँदै सुकेको छ’, उनले भने,




‘कुनै ठाउमा भर्खर किराको प्रकोप देखिएको छ, किसानलाई कृषि शाखाबाट निःशुल्क रुपमा फड्के किरा मार्नका लागि एजाडिराक्टिन र एसिफेट नामक विषादी वितरणको कार्य गरिरहेका छौं ।’ किराको सङ्ख्या हेरी एक हप्ताको फरकमा विषादी छर्कनका लागि किसानलाई सल्लाह दिन थालेको जनाउँदै उनले किसानलाई धानका विरुवाको फेदमा पर्ने गरी विषादी छर्कन लगाउन लागेको बताए । फडके किराको प्रकोप तीन वडामा बढी देखिए पनि फाटफुट रुपमा नगरपालिकाका १२ वटै वडामा देखिएको उनले बताए । किसानले किराको प्रकोप हुन लागेका बेला सावधानी अपनाउन नसक्दा बढी क्षति ब्यहोर्नुपरेको उनले बताए । नगरपालिकाको खेतीयोग्य जग्गाको ९० प्रतिशत क्षेत्रमा धान खेती हुने गरको छ ।-रासस

## बढ्यो कोदोको माग

केही वर्ष पहिलेसम्म बागलुङका होटल तथा रेष्टुरेन्टमा कोदोका परिकार पाक्दैनथे । पछिल्लो समय यहाँका होटल तथा रेष्टुरेन्टमा कोदाको ढिँडो पाक्न थालेपछि कोदोको माग बढ्दै गएको छ । कोदोको परिकारमा प्रोटिन, आइरन र क्याल्सियम बढी मात्रामा पाइने र स्वास्थ्यका लागि उपयोगी हुने भएकाले माग बढ्दै गएको होटल व्यवसायी बताउँछन् ।

पहिले-पहिले कोदोको ढिँडो, रोटी र खोले निकै कम मात्रै पाक्थ्यो । पछिल्लो समय घरबाससँगै सहर बजारका ठूला-ठूला होटलका भान्छामा पनि ढिँडो पाक्न थालेको छ । कोदोको माग बढ्दै गए पनि बागलुङको काठेखोला गाउँपालिका-८ लेखानीका किसानले मात्रै व्यावसायिक रुपमा उत्पादन गर्ने गरेका छन् । रैथाने जातको कोदोको माग बढेपछि केही किसानले व्यावसायिक कोदो उत्पादनमा लागेका छन् । जिल्लाको सबै क्षेत्रमा उत्पादनका लागि उपयुक्त हावापानी भए पनि कम मात्रामा खेती हुने गरेको छ । जङ्गफुड र आयातित खाद्यान्नमा निर्भर हुँदा किसानले कोदो खेतीलाई व्यावसायिक बनाउन सकेका छैनन् । पछिल्लो केही वर्षयता बागलुङ बजारका होटलहरुमा कोदोका परिकारको माग बढ्न थालेको होटल व्यवसायी सै बागलुङका अध्यक्ष निलेश राजभण्डारीले बताए । कोदोको ढिँडोसँगै, भाँगो, टिमुर र स्थानीय उत्पादनको परिकार पाहुनाले माग गर्न थालेको उनको भनाइ थियो । माग बढेसँगै गाउँबाट कोदोको पीठो मगाएर पाहुनालाई ढिँडो खुवाउने गरेको अध्यक्ष राजभण्डारीले बताउनुभयो । बजारमा सहज रुपमा कोदोको पीठो पाउन गाह्रो हुने उहाँको भनाइ थियो । ‘पहिले कोदोको ढिँडोको माग खासै आउँदैनथ्यो, अहिले होटलमा आउने धेरै पाहुनाको रोजाइ ढिँडो हुन्छ । विशेषगरी स्थानीय उत्पादनबाट बनेका परिकारको माग बढ्दो छ । अहिले धेरै मानिसमा अर्गानिक खाना खानुपर्छ भन्ने सोच बढेको छ,’ अध्यक्ष राजभण्डारीले भने, ‘कोदोको खेती कम भएर होला, भनेको समयमा पीठो पाउन



सकिँदैन । कहिले गाउँबाट ल्याउँछौं । कहिले यहीं अर्ग्यानिक सामान बेच्ने पसलबाट ल्याउँछौं । स्थानीय उत्पादनको महत्व मान्छेहरूले बुझ्दै गएका छन् ।’ स्थानीय किसान तिलबहादुर क्षेत्रीले पहिले कोदोका खाना घरबाहिर बसेर खाँदा पनि लजाउनुपर्ने स्थिति रहेको भन्दै अहिले धेरै मान्छेले ढिँडो मन पराउन थालेको बताए । आफूले वार्षिक सात मुरी कोदो उत्पादन गर्दै आएको जनाउँदै अहिले माग बढेकाले खेती गर्ने क्षेत्रफल पनि बढाएको उनले बताए । बजारबाट कोदोको पीठो किन्ने व्यापारी गाउँमै आउने गरेको भन्दै आम्दानी पनि राम्रो हुँदै गएको क्षेत्रीले बताए । उनले अघिल्लो वर्ष झन्डै रू ५० हजारको कोदो बिक्री गरेको सुनाए । ‘हामी सानो हुँदा कोदोको ढिँडो, रोटी खाँदैनथे । कोहीकोहीले खाए पनि लुकाएर खान्थे । यस्तो राम्रो अन्न त्यतिबेला चिन्न सकिएन, अहिले यस्तो माग बढी छ ।

गाउँमा त कमैले खान्छन् ढिँडो, कोदो बिक्री बढी हुने बजारमै हो,’ क्षेत्रीले भने, ‘पहिला घरमा कोही पाहुना आउँदा चामल खोजेरै भए पनि भात खुवाउनुपर्छ भन्ने चलन थियो । अहिले त आउने पाहुनाले नै ढिँडो खाउँ भन्छन् । कोदो स्वास्थ्यका लागि फाइदाजनक भएकाले नै ढिँडोको माग बढेको हो ।’ जिल्लाभर १८ हजार चार सय ५६ हेक्टर क्षेत्रफलमा कोदो खेती हुँदै आएको कृषि ज्ञान केन्द्र बागलुङले जनाएको छ । हरेक वर्ष २३ हजार चार सय ५६ मेट्रिक टन कोदो उत्पादन हुने गरेको केन्द्रका सूचना अधिकारी कुमार पुन मगरले जानकारी दिए । उनका अनुसार अहिले यहाँका किसानले रैथाने रुपमा कोदो खेती गर्दै आएका छन् । पछिल्लो समय जनमानसमा कोदोको महत्व बढ्दै गएपछि किसानहरु उत्पादनका लागि उत्साहित भएका उनले बताए ।

कृषि ज्ञान केन्द्रले कृषकलाई रैथाने जातका कोदो लगायतका खाद्यबाली लगाउनका लागि प्रेरित गर्दै विभिन्न कार्यक्रम गरिरहेको पुन मगरले बताए । ‘बागलुङमा कोदो खेती गर्नका लागि पर्याप्त जमिन छ । किसानलाई कोदो खेतीतर्फ आकर्षित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौं’, उनले भने, ‘उनीहरुले कोदोको पीठो ब्रान्डिङ, प्याकेजिङ गर्न, परिकार बनाउनका लागि आवश्यक तालिम र परामर्श दिने गरेका छौं । केही गाउँमा व्यावसायिक रुपमा लागेर कोदोको परिकार बनाइरहेका छन् । उत्पादन गर्ने क्षेत्र बढाउनका लागि किसानलाई प्रेरित गरिरहेका छौं ।’ यस वर्ष किसानले लगाएको कोदोमा खैरो थोप्ले र मरुवा रोग लागेकाले उत्पादनमा ह्रास आउने देखिएको पुन मगरले बताए । दुईवटा रोगको सङ्क्रमणका कारण कोदोको डाँठ कुहिएर बाला लाग्न नपाएको उनको भनाइ थियो ।-रासस

## मनाङको स्याउ मनाङमै खपत



**नवीन लामिछाने ——————**

हिमाली जिल्ला मनाङको अब मनाङमै खपत हुने भएको छ । यहाँ उत्पादित स्याउ अन्तर्राष्ट्रिय बजारसम्म पुग्ने भए यसको परिकारमा फेर्दै विश्व बजारमा निर्यात गर्ने उद्देश्यले स्याउको वाइन उत्पादनको सुरुआत गरेको छ ।

मनाङ बेभरेज प्रालिले मनाङ डिस्याङ गाउँपालिका-४ हुम्देमा वाइन कारखाना सञ्चालनमा ल्याई कम्पनीले स्याउको उत्पादनलाई परिस्कृत गर्ने उद्देश्यले वाइन कारखाना सञ्चालनमा ल्याएको हो । यो कारखाना सञ्चालनमा आएसँगै अब मनाङको स्याउ मनाङमै खपत हुने भएको छ । अब यहाँको स्याउको मुख्य बजार पनि मनाङ हुने देखिएको छ । बेभरेजले सञ्चालनमा ल्याएको यो कारखानाले वार्षिक दुई लाख लिटर वाइन उत्पादन गर्ने क्षमता रहेको छ । यसबाट उत्पादित वाइन पनि कम्पनीले सार्वजनिक गरिसकेको छ ।

कम्पनीले मनाङको तीन हजार पाँच सय मिटर उचाइमा रहेको साब्जे लेकमा कार्यक्रम गरी ‘मनाङ भ्याली वाइन’ सार्वजनिक गरेको थियो । उत्पादित वाइनको मूल्य रु एक हजार २५ निर्धारण गरिएको छ । ‘हामीले तीन वर्षको कडा मिहिनेत र अध्ययन तथा अनुसन्धानपछि वाइन कारखाना सञ्चालनमा ल्याएका छौं, यसमा अन्तर्राष्ट्रियस्तरका मापदण्ड पूर्णरूपमा पालना गरेका छौं’, मनाङ बेभरेजका प्रबन्ध निर्देशक आश्रय रञ्जितकारले बताए, ‘यसले मनाङमा स्याउ उत्पादनलाई थप टेवा पुग्नेछ भने बजार अभाव समस्या पनि अन्त्य गर्नेछ ।’ उनका अनुसार हाल मनाङमा करिब आठ सयदेखि एक हजार टन स्याउ उत्पादन हुने गरेको छ । यहाँ उत्पादित स्याउ कारखानाका लागि पर्याप्त हुनेछ । प्रबन्ध निर्देशक रञ्जितकारका अनुसार अबको पाँच वा छ वर्षसम्म यस पर्याप्त हुने भए पनि त्यसपछि भने मुस्ताङ, हुम्लालगायत जिल्लामा क्षेत्र विस्तार गर्नुपर्ने अवस्था आउन सक्ने अनुमान गरिएको छ । कम्पनीले वाइन कारखाना सञ्चालनका लागि मात्रै करिब रु १० करोड लगानी गरेको छ ।

हाल कारखानामा प्रत्यक्ष रूपमा करिब ३५ देखि ४० जनाले रोजगारी पाएका छन् भने अप्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या करिब पाँच सय रहेका छन् । ‘पूर्वाधार र बाटोको असहज अवस्थाका कारण कारखानाका लागि आवश्यक सामग्री पुऱ्याउन निकै कठिन भएको थियो’, उनले भने । अब वाइन उत्पादन गरेर बजार पुऱ्याउने चुनौती पनि रहेको उनले स्पष्ट पारे ।

**व्यावसायिक स्याउ खेती वृद्धि**

प्राकृतिक रूपमा चर्चासँगै मनाङको स्याउ खेतीको चर्चा उत्तिकै छ । जतिबेला एग्रो मनाङ प्रालिले सात सय ३५ रोपनी क्षेत्रफल जग्गामा एकै पटक स्याउ खेतीको व्यावसायिक खेती थाल्यो । मनाङ एग्रोले करिब छ वर्षअघि इटाली र सर्बियाबाट स्याउका बिरुवा ल्याएर खेती गर्न सुरु गरेको हो । हाल स्याउ खेतीले पर्यटकको आकर्षणको केन्द्र पनि बन्दै गएको छ । यस स्याउ फार्ममा गाला, फुजी र गोल्डेन डिलिसेस गरी तीन प्रजातिका करिब ६० हजार बिरुवा लगाइएको छ । करिब रु २० अर्ब लगानीमा सुरुआत भएको यस फार्मबाट उत्पादित स्याउ एग्रो मनाङले हिमालयन फ्रेस ब्रान्ड नाममा बजारसम्म पुऱ्याउँदै आएको छ । यस फार्ममा हाल २८ जनाले रोजगारी पाएका छन् भने सिजनमा ३५ देखि ४० भन्दा बढीले काम गर्ने गरेका छन् । एग्रो मनाङ प्रालिका प्रबन्ध निर्देशक युवराज गुरुङका अनुसार गत वर्ष यस फार्मले चार सय ५० टन स्याउ उत्पादन गरेको थियो भने यस वर्ष छ सय ५० टन उत्पादन गर्ने लक्ष्य लिएको छ ।

वाइन कारखानाका लागि यस फार्मले प्रतिकिलो रु ५० मा स्याउ गरिरहेको छ । नेपाली स्याउले यहाँको बजारको करिब १० प्रतिशत मात्रै माग धान्न सक्ने भएकाले आफूले स्याउ खेती अगाडि बढाएको गुरुङ बताए । ‘एग्रो मनाङको फार्म हाउस दक्षिण एसियाकै सबैन्दा ठूलो हो ।

यसका साथै मनाङको पिसाङमा पनि तीन सय ८० रोपनीमा गत वर्षबाट स्याउ खेती सुरु भएको छ’, गुरुङले भने,‘यसरी बजार सुनिश्चितता बढ्दै जाँदा स्याउको व्यावसायिक खेती गर्नेको सङ्ख्या पनि बढ्दै गएको छ ।’ उनले हाल एग्रो मनाङ फार्ममा प्रतिहेक्टर ४० टन स्याउ उत्पादन भएको जानकारी दिए ।

यस फार्मले करिब ६० हजार स्याउका बोटबाट उत्पादन लिइरहेको छ । मनाङ एग्रोको स्याउ फार्मसँगै मनाङ बेभरेजको वाइन कारखानामा खपत हुनेछ । यससँगै मनाङ एग्रोको कोल्ड स्टोर पनि छ । जसमा स्याउलाई ग्रेडिङ गरी भण्डारण गर्ने, बिक्री गर्ने र बजारसम्म पठाउने कामका साथै कारखानालाई पनि त्यहीँबाट छुट्याउने काम हुन्छ । मनाङ बेभरेजले जिल्लामा उत्पादित सबैको स्याउलाई वाइन बनाउन कारखानामा लिने जनाएको छ ।

-रासस

## पशुपालन व्यवसायबाट मनग्य आम्दानी

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यबिन्दु नगरपालिका-१ का टङ्कप्रसाद अधिकारीको घरसँगै गोठ छन् । त्यहीं गोठमा ३० भन्दा बढी गाई र १७ भन्दा बढी भैंसी छन् ।

तेह्र वर्ष साउदी अरब बसेर स्वदेश फर्कनुभएका अधिकारीको दैनिकी निकै व्यस्त छ । उनी अहिले आफ्नै घरमा पौरख गरिरहेका छन् । ‘दुई चार पैसा कमाउन १३ वर्ष विदेश बसियो, आफ्नै गाउँमा केही गर्ने इच्छा बाँकी नै थियो’, उनले भने, ‘पशुपालन गरेर अहिले आफ्नै माटोमा इच्छा पूरा गरिरहेको छु ।’ ‘श्रुतिका पशु तथा कृषि फार्म’ स्थापना गरेर पशुपालन व्यवसाय सुरु गरेका अधिकारीले आफ्नो परिवारसँगै केही स्थानीलाई रोजगारीसमेत सिर्जना गर्न सफल भएका छन् । यसले उनी लाई नेपालमा नै केही सम्भव छ भन्ने आशाको दियो जलाएको छ । ‘विदेशबाट नेपाल फर्केपछि केही समय कपडा व्यवसाय पनि गरें’, उनले भने, ‘घरमै भएको दुई वटा भैंसीबाट श्रुतिका पशु तथा कृषि फार्म स्थापना गरेर व्यावसायिक पशु पालन सुरु गरियो ।’ व्यवसाय सञ्चालन पूर्व उत्पादित दूधको बजार व्यवस्थापनलाई चुनौती मान्नुभएका अधिकारीले फार्ममा उत्पादन हुने सबै दूध अहिले घरबाट नै बिक्री हुने गरेको छ । ‘स्थानीय छिमेकीदेखि व्यवसायी दूध खरिदको लागि गोठसम्म नै आउने गरेको छ, बजारको कुनै समस्या नै छैन’, उनले भने । सुरुआतमा थोरै पशुपालनबाट सुरु गरेको गोठमा अहिले ५० भन्दा बढी गाईभैंसी रहेका छन् ।

वित्तीय संस्था, साथीभाइको सरसापटबाट विस्तार गर्दै अहिले व्यवसायलाई दिगोरूपमा सञ्चालन गर्न सफल भएको अधिकारीले बताए । ‘विदेशको कमाइ, साथीभाइको सहयोग, वित्तीय संस्थाको ऋणबाट व्यवसाय थप गर्दै यहाँसम्म ल्याएको छु’, उनले भने, ‘मध्यविन्दु नगरपालिका र नेपाल सरकारबाट मेरो कामको मूल्याङ्कन गर्दै सहयोग प्राप्त भएको छ ।’ सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाबाट समेत सहयोग प्राप्त भएपछि व्यवसाय विस्तार तथा सुदृढीकरणमा मद्दत पुगेको अधिकारीले बताए ।

फार्ममा मिल्कएनलाइजर, मिनि टेलर, मिल्क क्यानल, घाँस काट्ने मेसिन गायतका कृषि औजार अनुदानमा प्राप्त भएपछि व्यवसाय सञ्चालन गर्न सहज भएको छ । उनले आफ्नै पौरख, परिवारको साथ र सरकारको सहयोग प्राप्त हुनसक्दा व्यावसायिक सफलता प्राप्ति हुन सक्छ भन्ने उदाहरण प्रस्तुत गरेका छन् ।

-रासस

# पाल्पा प्रहरीले गऱ्यो रामपुरमा सार्वजनिक सुनुवाई



**पाल्पा,** असोज २०/जिल्ला प्रहरी कार्यालय पाल्पाले रामपुरमा सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ । उसले समुदाय प्रहरी साझेदारी अवधारणा अन्तर्गत नागरिक सुनुवाई कार्यक्रम रामपुर नगरपालिकाको सभाहलमा गरेको हो ।

प्रहरीको शान्ति सुरक्षाको विषयमा स्थानीय जनतासँग राय सुझाव लिन र प्रहरीले दिँदै आएको सेवालाई थप प्रभावकारी बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । नागरिक र प्रहरी बिचको सम्बन्ध थप सुमधुर बनाउनुका साथै कार्यालयबाट प्रवाह भएका सेवाका बारेमा जानकारी गराउन कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको प्रहरीले जनाएको छ । कार्यक्रम रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले शहर उन्मुख रामपुरमा बसाई सराई गरी आउने संख्या बढ्दो रहेकाले सुरक्षा चुनौती पनि बढ्दै गएकाले त्यसतर्फ ध्यान दिन प्रहरीलाई आग्रह गरे । उनले शान्ति सुरक्षा कायम राख्न प्रहरीसँगै आमनागरिकको उत्तिकै महत्वपूर्ण भुमिका रहने समेत बताए । प्रमुख अतिथि समेत रहेका थापाले इलाका प्रहरी कार्यालयमा डिएसपी सहितको प्रहरी जनशक्ति थप गर्नका लागि पहल भैरहेको जानकारी गराए । उपप्रमुख बालकुमारी थापाले न्यायिक समितिले प्रहरीसँग सहकार्य गरी कार्यसम्पादन गर्दै आएको बताइन् । सुनुवाईमा सहभागिबाट उठेका प्रश्नको जवाफ दिँदै जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक हेरम्ब शर्माले स्थानीयलाई सुरक्षाको प्रत्याभूत गराउन प्रहरीले स्थानीयसँग हातेमालो गर्दै आएको बताए । उनले सिमित जनशक्तिका बिच पनि शान्ति सुरक्षा प्रदानका लागि प्रहरी लागि पर्दै आएको बताए ।

पछिल्लो समय दुर्घटना न्युनिकरणमा उल्लेख्य सुधार हुँदै आए पनि आत्महत्या र डुबेर ज्यान जानेको संख्या बढेकाले यसतर्फ सरोककारवालाहरुले सोच्नुपर्ने समय आएको प्रमुख शर्माले बताए । उनले भने 'शान्ति सुरक्षा कायम गर्नुमा नागरिकको महत्वपूर्ण साथ र सहयोगको अवश्यक पर्छ,जिल्लामा हाल ५ सय ८५ नागरिक बराबर १ जना प्रहरीले सेवा दिनु पर्ने अवस्था रहेको छ ।' प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले प्रहरीले सम्पादन गरेका कार्य, जिल्लाको सवारी दुर्घटना, अपराधिक घटना, फौजदारी मुद्दा लगायतका विषयमा तथ्याङ्क सहित प्रस्तुत गरेका थिए । कार्यक्रममा सहभागीहरुले प्रहरी दरबन्दी थप गर्नु पर्ने, रातको समयमा गस्ती बढाउनु पर्ने, सुचना प्रदान गर्ने स्रोतलाई गोप्य राख्नु पर्ने, सवारी जाँचमा थप कडाई गर्नु पर्ने लगायतका सुझाव दिएका थिए । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, राजनैतिक दल, यातायात व्यवसायी, सञ्चारकर्मी, महिला समूह, संघ संस्थाका प्रतिनिधि, सामुदायिक सेवा केन्द्रका पदाधिकारीहरु, स्थानीय बुद्धिजिवी तथा व्यक्तिहरुको बाक्लो उपस्थिति रहेको थियो । प्रहरी उपरीक्षक हेरम्ब शर्माको अध्यक्षता, ईलाका प्रहरी कार्यालय रामपुरका प्रहरी निरीक्षक शालिकराम खनालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# 'बैठकमा उपस्थित नहुनेलाई जिम्मेवारी दिदैनौं'




**पाल्पा,** असोज २०/एमाले लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कंडेलले पार्टीको बैंठकमा उपस्थित नहुनेलाई जिम्मेवारी नदिने बताएका छन् । नेकपा एमाले तानसेन नगर कमिटी र प्रेस चौतारी पाल्पाबिच भएको समन्वययात्मक बैठकलाई सम्वोधन गर्दै उनले यस्तो बताएका हुन् ।

कार्यकर्ताको काम र भूमिकाको आधारमा आगामी जिम्मेवारी प्रदान गर्ने गरी पार्टी पद्धतिको विकास गर्न लागिएको अध्यक्ष कंडेलले बताए । उनले भने 'अहिले पार्टीमा अराजकता बढ्दै गएको, पद लिदा मरिहत्ते गर्ने, पद लिएपछि बैठकमा उपस्थित हुन नभ्याउनेलाई जिम्मेवारी दिदैनौं ।' लुम्बिनीका सबै जिल्लाहरुमा आउँदो चैत्र मसान्त भित्र टोलदेखी जिल्लासम्मको नयाँ अधिवेशन सक्ने डेटलाईन भएकाले विगतमा जिम्मेवारी अनुसारको काम नगर्नेलाई थप जिम्मेवारी नदिने गरी पार्टीले नयाँ नेतृत्व छनौट गर्ने नीति लिएको अध्यक्ष कंडेलले बताए ।

स्थानीय सरकारदेखी केन्द्र सरकारसम्म बनेका गठबन्धनबाट जन विरोधी काम भएकाले विरोधमा उत्रिन कार्यकर्ताहरुलाई अध्यक्ष कडेलले अनुरोध गरे । बैठकमा तानसेन नगर वडा कमिटी अध्यक्षहरुले पार्टीका गतिविधी बारे जानकारी गराएका थिए । पार्टी भित्र अझै पनि अन्तरघातीहरु रहेकाले छानविन समिति बनाएर जिल्ला नेतृत्वले कारवाही गर्नुपर्ने सहभागीहरुले जोड दिए । नगर इन्चार्ज दामोदर घिमिरेले पार्टी र जनताका गतिविधीहरु बाहिर लैजान प्रेस चौतारी र पार्टी कमिटी बिच सहकार्य गरेर जानुपर्नेमा जोड दिए । बैठकले तानसेन नगरपालिका १४ वटै वडामा दशै तिहारको अवसरमा शुभकामना आदान-प्रदान, जेष्ठ नागरिक सम्मान, पार्टी सदस्यता नविकरण तथा विस्तार, हाल भईरहेका विकास निर्माण बारे जानकारी लिने दिने आवश्यक स्थानमा समन्वय गर्ने, प्रचार प्रचारको काममा चौतारी पाल्पासँग समन्वय गरी काम गर्ने निर्णय भएको एमाले तानसेन नगर कमिटीका अध्यक्ष गुराश आत्रेयले बताए ।

कार्यक्रममा प्रेस चौतारी पाल्पाका अध्यक्ष कृष्ण कार्कीले चौतारीले गर्दै आएका काम तथा गतिविधी, सहकार्य तथा समन्वयको अवस्था बारे जानकारी गराएका थिए । नगर कमिटीका अध्यक्ष गुराश आत्रेयको अध्यक्षता, नगर कमिटी उपाध्यक्ष शशी श्रेष्ठको स्वागत, सचिव महेशलाल शाक्यको सञ्चालनमा बैंठक भएको थियो ।

## खेलकुद समाचार

# अफगानिस्तान ६ विकेटले पराजित



**असोज २१,** काठमाण्डौं/आईसीसी एकदिवसीय विश्वकप क्रिकेटमा बंगलादेशले अफगानिस्तानलाई ६ विकेटले हराएको छ । भारतको धर्मशालामा अफगानिस्तानले दिएको १ सय ५७ रनको सामान्य लक्ष्य बंगलादेशले ३४ ओभर ४ बलमा ४ विकेट गुमाएर भेटायो । बंगलादेशको जितमा नजमुल होसाइन शान्तोले नटआउट ५९ र मेहदी हसन मिराजले ५७ रन बनाए ।

अफगानिस्तानका फैजल हक फारुकी, नवीन उलहक र अजमतुल्लाह ओमरजाईले एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको अफागानिस्तान ३७ ओभर २ बलमा १ सय ५६ रनमा अलआउट भयो । उसका लागि रहमानुल्लाह गुरबाजले सर्वाधिक ४७ रन बनाए । यस्तै अजमतुल्लाह ओमरजाई र इब्राहिम जद्रानले समान २२/२२ रन बनाए । बंगलादेशका शकिब अल हसन र मेहदी हसन मिराजले ३/३ विकेट लिए ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५–५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## कर्पोरेट/अर्थ समाचार

# सोमबारदेखि दसैंका लागि टिकट खुला, भाडा नबढ्ने

**पाल्पा,** असोज २०/यस वर्षको दसैंका लागि सोमबारदेखि अग्रिम टिकट बुकिङ खुल्ला गरिने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको सर्वपक्षीय छलफलपश्चात् यही असोज २२ गतेदेखि अग्रिम टिकट बुकिङ खुल्ला गर्ने निर्णय गरिएको हो ।

व्यवसायीले गाडी भाडा नबढाए बुकिङ नखोल्ने अडान राख्दै आएपनि मन्त्रालयमा भएको छलफलमा व्यवसायीले पुरानै भाडामा अग्रिम टिकट खुल्ला गर्न सहमत भएका हुन् । पुरानै भाडा कायम गरेर दसैंका लागि अग्रिम टिकट बुकिङ खुल्ला गर्ने निर्णय गरिएको हो । टिकट बिक्रीको अनुगमनलाई तीव्र पारिने मन्त्रालयले जनाएको छ । कालोबजारीमा टिकट बिक्री नहोस् भनेर विभागले टिकट बुकिङ खुल्ने दिनबाट नै कडा अनुगमन गर्ने छ । दसैंका लागि मुख्य राजमार्गका खाल्डाखुल्डी पुर्ने र सडकलाई सहज बनाउने कामलाई तीव्र पारिएको भौतिक मन्त्रालयले जनाएको छ । अग्रिम टिकट बुकिङ खुल्ला गरिएसँगै यात्रुको चाप हुने स्थानहरूमा यात्रु सहायता कक्ष स्थापना गरिने समेत यातायात व्यवस्था विभागले जनाएको छ । अघिल्ला वर्षमा दशैं सुरु हुनुभन्दा झण्डै एक महिना अगाडि नै लामो तथा मध्यम दूरीमा जाने सार्वजनिक सवारी साधनको अग्रिम टिकट बुकिङ खुलाउने गरे पनि यस वर्ष केही ढिला भएको छ । नेपालीको महान चाड दशैंमा घटस्थापनादेखि नै विद्यालय, कलेज लगायतका धेरै संस्था बन्द हुन्छन् । समयमै टिकट खोल्दा घर जान चाहने विद्यार्थीलाई सहज हुने गरे पनि समयमा अग्रिम टिकट बुकिङ नखोल्दा यात्रु दोब्बर/तेब्बर भाडा तिरेर घर जानुपर्ने अवस्था रहेको छ । यातायात व्यवसायी भने निरन्तर वर्षाका कारण बाटो बिग्रिएकाले यस वर्ष दशैंका लागि अग्रिम टिकट बुकिङ खुलाउन ढिला गरेको हो । हरेक वर्ष दशैं, तिहार र छ्वव पर्वका अवसरमा काठमाडौंबाट लाखौं यात्रु बाहिरिने गरेका छन् ।

# सहकारीको प्रतिस्पर्धा...

...सहकारीले जेष्ठ नागरिक जयकला भट्टराई, बुद्ध लक्ष्मी श्रेष्ठ, विद्या ज्ञवाली, बुद्धिप्रसाद शर्मा, श्रीलक्ष्मी भट्टराई, भुमिश्वरा चुन थापा, डम्विश्वरा राना, गोपाल थापा, हरिश्चन्द्र विक्रम राना, रामराज शर्मा, ज्ञानीश्वरा रसाली, माधवी खनाल, कृष्ण कुमारी भट्टराईलाई सम्मान गरेको छ । यस्तै उसले उत्कृष्ट बचततर्फ मिना कुमारी श्रेष्ठ, हिरा बहादुर मल्ल विवेक ढकाल, सञ्जु गुप्ता, विराज शर्मा, उत्कृष्ट ऋणतर्फ श्याम कुमारी दिशा थापा, चन्द्र झेडीलाई सम्मान गरेको सहकारीका प्रबन्धक कविता नेपालले बताईन । यस्तै शेयर सदस्यहरुका छोरा छोरी मध्ये एसइईमा उत्कृष्ट अंक ल्याई उर्तिण हुने कौस्तुभ घिमिरे, मधु सुधन गैरे, शैलज बस्याल, उत्कृष्ट कर्मचारीतर्फ दिनेश कुमार थापा र रोशनी रानालाई समेत सम्मान गरिएको छ । सहकारीका अध्यक्ष झपेन्द्र गहिरेको अध्यक्षता, सहकारीकी प्रबन्धक कविता नेपालको स्वागत, सचिव भरत शर्माको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आनन्द सहकारीको...

...उनले अधिकांश सहकारीहरुले अनुत्पादक क्षेत्रमा मात्र लगानी गर्दा संस्था नै बन्द हुन पुगेको बताउदै संस्थालाई दिगो र मजबुत बनाएर लैजानका लागि उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने धारण व्यक्त गरे ।सम्मानित व्यक्तित्व मदन देउरालीले सहकारीले आफु जस्ता जेष्ठ नागरिकहरुलाई सम्मान गरेकोमा खुसी व्यक्त गर्दै आभार व्यक्त गरे । शेयर सदस्य सुशिल प्रधानले उत्कृष्ट सहकारीको रुपमा आनन्द सहकारी स्थापित हुन सफल भएको बताए । कार्यक्रममा संस्थाका उपाध्यक्ष तथा ऋण उपसमितिका संयोजक सरोजलाल शाक्यले ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक रुपमा शेयर सदस्य बलियो भए मात्र सहकारी बलियो हुने बताए । उनले सहकारीलाई बलियो बनाउन शेयर सदस्यहरुले सहकारीमै कारोबार गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष विनयराज बज्राचार्यले आर्थिक वर्ष २०८०/०८१ का लागि २ करोड ३९ लाख ६० बराबरको अनुमानित आयव्यय प्रस्तुत गरेका थिए । लेखा समितिका संयोजक शोभामान बज्राचार्यले लेखा समितिको प्रतिवेदन र सचिव रत्नमान बज्राचार्यले सचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए । सहकारीले जेष्ठ शेयर सदस्य, बालबचतकर्ता, असल बचतकर्ता, असल कारोबारकर्ता, शेयर सदस्यहरुका छोरा छोरी मध्ये एसइईमा उत्कृष्ट अंक ल्याई उर्तिण हुने विद्यार्थीहरुलार्य सम्मान समेत गरेको छ । उसले जेष्ठ शेयर सदस्य नागरिक हरि बहादुर बज्राचार्य, मदन देउराली, तेज काजी शाक्य, देवेन्द्र बहादुर रायमाझीलाई सम्मान गरेको हो । यस्तै एसइईमा उत्कृष्ट अंक ल्याउने सक्षम बुद्धाचार्य, आयुष्मा बज्राचार्य, सुजल शाक्य, कृतिका बज्राचार्य, शुद्धत्त मुनि शाक्य, आनन्द बाल बचतकर्ता तर्फ रिसभ थापा, सेलिना थापा मगर, असल बचतकर्ता चिरन्जिबी मान मर्हजन, नयन कुमारी बज्राचार्य, असल कारोबारकर्ता सरस्वती चोहान र मघराज राकसकोटीलाई सम्मान गरेको सहकारीका प्रबन्धक प्रकाश शर्माले बताए । संस्थाका अध्यक्ष सर्जुलाल बज्राचार्यको अध्यक्षता, सह-सचिव दिनेश बहादुर बज्राचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो । सहकारीले आ्ना शेयर सदस्यहरुको आर्थिक समृद्धिसँगै गरिब, महिला, दलित, जनजाति, उत्पीडित तथा विपन्न समुदायहरूको उत्थानमा समेत आफुलाई निरन्तर अगाडि बढाएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई